# बजेट बक्तव्य-२०८१/०८२

***परिवर्तन गाउँपालिकाको १७ औ गाउँसभाका आदरणीय अध्यक्ष ज्यू,***
***यस सम्मानित र गरिमामय सदनमा उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु ।***

१) गाउँपालिकाको सम्मानित गाउँसभा समक्ष गाउँपालिकाको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आ.व वर्ष २०८१।०८२ को समग्र निती तथा कार्यक्रम कार्यान्वयनको दस्तावेजको रुपमा रहेको यो बजेट प्रस्तुत गरिरहदा अत्यन्तै गर्वको महशुस गरेको छु ।

२) मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न आफ्नो जीवन वलिदान गर्ने सम्पुर्ण महान शहिदहरु प्रति हार्दिक श्रदाञ्जली अपर्ण गर्दछु । जन आन्दोलन तथा जनयुद्धका घाइतेहरु, द्वन्द्वपीडित हरु तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण व्यक्तिहरु लाई स्मरण गर्न चाहन्छु ।

३) संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनः संरचना पश्चात संविधानतः गठित स्थानीय सरकारले दोस्रो स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधी हरुको दोश्रो वर्षको कार्यकाल व्यतित गरिसकेको छ । नेपालको संविधानको अनुसुचि ८ मा रहेको स्थानीय तहको एकल अधिकार सुचि र अनुसुचि ९ मा रहेको साझा अधिकार सुचि भित्र रहेर स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनुरुप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न परिवर्तन गाउँपालिकाले सामाजिक, भौगोलिक, राजनितिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले संचालन गर्दै आएको कुरा सम्मानित गाउँसभा समक्ष जानकारी गराउन चाहान्छु ।

४) यस वर्षको बजेटमा हामिले शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि तथा पशु क्षेत्रको विकास, उद्यम प्रवर्द्धन तथा पूर्वाधार विकास, विपद व्यवस्थापन, पर्यटन, सूचना तथा संचार, लैगिंक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा, न्याय तथा मेलमिलाप साथै शिक्षक तथा कर्मचारीहरुको उत्प्रेरणा तथा क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राखि आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

५) नेपालको संविधान, सोह्रौं आवधिक योजना, दिगो विकासका लक्ष्य, परिवर्तन गाउँपालिकाको आवधिक योजना, निती तथा कार्यक्रम, मध्यमकालिन खर्च संरचना तथा गाउँसभाका सदस्य तथा सरोकारवाला बाट प्राप्त सुझावलाई मनन् गर्दै आ.व. २०८१/०८२ को बजेट तर्जुमा गरेको छु ।

हामी चालु आ.व.२०८०।८१ को बजेट तथा कार्यक्रम लाई सफलता पुर्वक कार्यान्वयनको अन्तिम चरणमा प्रवेश गरेका छौं । बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पुर्ण परिवर्तन बासी आमाबुवा दाजुभाई तथा दिदिबहिनी, गाउँ सभाका सदस्य ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु तथा राष्ट्रसेवक कर्मचारीहरुमा यस गरिमामय सभा मार्फत हार्दिक आभार व्यक्त गर्दछु ।

*आ व २०८०।८१ मा परिवर्तन गाउँपालिकाको कूल बजेट ४३ करोड ३८ लाख ५६ हजार ३ सय १२ रुपैया बिनियोजन गरिएकोमा हाल सम्म कूल खर्च २५ करोड ९५ लाख ५१ हजार ३ सय ८२ रुपैया खर्च भईसकेको छ । सघिंय सरकार र प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान मार्फत हस्तान्तरण भएको बजेट द्वारा संचालित योजना मध्य करिब ९० प्रतिशत योजनाहरु सम्पन्न भईसकेका छन । बजेट निकासामा केहि ढिलाइ भएका कारण  भुक्तानी प्रकृयामा केहि ढिलाइ भएको छ ।*

***आदरणीय अध्यक्ष महोदय,***

***अब म आगामी आर्थिक बर्ष २०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न गइरहेको छु ।***

***आर्थिक बर्ष २०८१/०८२ को बजेटका उदेश्यहरु :***

- सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास एवं सुशासन प्रवर्द्धन गरी "समृद्धि, सुरक्षित, सामाजिक न्याय र सुशासन युक्त परिवर्तन गाउँपालिका भन्ने मूलनारालाई साकार पार्न योगदान गर्नु ।
- उपलब्ध साधन, स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गर्दै गाउँपालिका बासीको आवश्यक्ता परिपूर्ति गरी समृद्धि हासिल गर्नु ।
- शिक्षा स्वास्थ्यलाई उच्च प्राथमिकता दिई आम नागरिकको सहज पहँच वृद्धि गर्दै गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्नु,
- नागरिकहरुलाई उद्यमशिलता र व्यावसायिकता तर्फ आकर्षित गरी दिगो आर्थिक बृद्धि हासिल गर्नु ।
- सार्वजनिक सेवा प्रवाहमा नागरिक पँहुच अभिवृद्धि गर्दै सेवा प्रवाहको सवलिकरण गरी सुशासन कायम गर्नु ।
- कृषि तथा पशु क्षेत्रमा यान्त्रिकीकरण र व्यवसायिकीकरणको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषि तथा पशु क्षेत्रको प्रवर्द्धन गर्नु ।
- रोजगारी सृजना र आय आर्जनका माध्यमबाट नागरिकको जीवनस्तरमा सुधार ल्याउनु ।

**बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु :**

- सुशासन, सार्वजनिक सेवा प्रवाह र मानव संशाधन विकास गर्ने,
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उद्यमशीलताको विकास¸ रोजगारी सिर्जना¸ जनताको जीवन स्तर वृद्धि र गरिवी न्युनीकरण गर्ने,
- कृषि विकासका लागी स्थानिय तथा रैथाने वाली प्रवद्धन गर्ने,
- स्थानीय सहभागिता जुट्ने¸ स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने र लागत को अनुपातमा उचित प्रतिफल प्राप्त गर्ने,
- स्थानीय स्रोत साधन¸श्रम¸ सीप र प्रविधिको उपयोगमा गर्ने,
- पर्यटन पूर्वाधारको विस्तार तथा सम्पूर्ण पर्यटन क्षेत्रको पुर्नउत्थान र प्रवर्धनका आयोजनाहरु संचालन गर्ने,
- शिक्षा¸ स्वास्थ्य¸ खानेपानी र सरसफाईमा विशेष सुधार गर्ने,
- महिला¸ बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने,
- दिगो विकास, वातावरण संरक्षण¸ जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,
- आन्तरिक राजस्व वृद्धि र परिचालनमा योगदान पुऱ्याउने,
- समाजका सबै वर्ग¸ क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने,
- लैंगिक समानता¸ लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने
- संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता प्रबर्द्धन गर्ने,

***आदरणीय अध्यक्ष महोदय,***

***अब म यस गाउँसभा मा आगामी आ.व.०८१।८२ मा हुने अनुमानित आयको विवरण प्रस्तुत गर्न चाहन्छु ।***

आगामी आ. व. २०८१।८२ का लागी संघिय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान **८ करोड ६० लाख**, शर्शत अनुदान चालु तर्फ **१९ करोड २० लाख ३८ हजार**, शशर्त अनुदान पुजिगत तर्फ **३ करोड ७२ लाख**, समपुरक अनुदान **६० लाख** र राजश्व बाँडफाँड बापतको **९ करोड ४५ लाख** गरी कुल **४१ करोड ५७ लाख, ३८ हजार** बजेट प्राप्त भएको छ । यस्तै प्रदेश सरकारबाट समानिकरण अनुदान **५५ लाख ३४ हजार**, राजस्व बाँडफाँड **बापत ३३ लाख ८९ हजार** समपुरक अनुदान **७० लाख**, शशर्त अनुदान **१ करोड ५ लाख** गरी कुल **२ करोड ६४ लाख २३ हजार रुपैया** अनुमानित बजेट प्राप्त भएको छ । यस्तैआ.व. २०८१/८२ मा गाउँपालिकाको आन्तरिक आम्दानी **३५ लाख ५० हजार** हुने प्रक्षेपन गरिएको छ । संघिय सरकार बाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट र गाउँपालिकाको आन्तरीक आम्दानी गरी आ.व. २०८१/०८२ मा कुल जम्मा बजेट रु **४४ करोड ५७ लाख ११ हजार रुपैया** मात्र अनुमान गरिएको व्यहोरा यस सम्मानित सभामा अवगत गराउन चाहन्छु । आ.व २०८०।०८१ को बजेट बाट खर्च हुन नसकेको रकम माथि उल्लेखित बजेट आकारमा समाबेश गरिएको छैन । आर्थिक बर्षको अन्त्यमा बचत हुन जाने नगद मौज्दात समेत यसै बजेटको अंश भैजाने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

कुल बजेट **४४ करोड ५७ लाख ११ हजार रुपैया रुपैया** मध्ये चालु तर्फ **२९ करोड ७२ लाख ८० हजार ३ सय ६० रुपैया** अर्थात ६६ प्रतिशत र पुँजिगत तर्फ **१४ करोड ८४ लाख ३० हजार** ६ सय ४० अर्थात ३४ प्रतिशत बजेट विनियोजन गरेको छु ।

- ❖ गाउँपालिकाकामा प्राप्त संघिय सरकारको राजश्व बाँडफाडको रकम **९ करोड ४५ लाख**, प्रदेश सरकार बाट प्राप्त राजश्व बाँडफाँडको रकम **३३ लाख ८९ हजार रुपैया** गरी कुल जम्मा **९ करोड ७८ लाख ८९ हजार रुपैया** बाट गाउँपालिकाको कार्यालय र वडा कार्यालय दैनिक प्रशासनिक खर्च, निशुल्क शिक्षा कार्यक्रम, कर्मचारी तलव भत्ता, पदाधिकारी सेवा सुविधा, फर्निचर तथा फिर्क्चस, कार्यालय सामाग्री तथा अन्य प्रशासनिक खर्च हुने गरी व्यवस्था मिलाएको छु ।

- ❖ गाउँपालिकामा संघिय सरकारबाट शर्शत अनुदान बापत प्राप्त चालु खर्च **१९ करोड २० लाख ३८ हजार**, र पुँजिगत खर्च **३ करोड ७२ लाख** संघबाट नै निर्धारित शशर्त प्रकृतिका कार्यक्रमका लागी खर्च गर्ने व्यवस्था मिलाएको छु ।

❖ प्रदेश सरकारबाट समपुरक अनुदानका रुपमा प्राप्त **७० लाख** मा गाउँपालिकाको अनुदानबाट थप **७० लाख** रुपैया गरि जम्मा **रु १ करोड ४० लाख** मा राङ्सी स्वास्थ्य चौकी भवन निर्माण वडा नं. २ **रु ७० लाख र** बागमारा थुनिकोट केवरी सर्पलोटे कालापोखरा गंगादेव गापा जोड्ने सडक निर्माण **रु ७० लाख** खर्च हुने गरि विनियोजन गरेको छु ।

❖ संघिय सरकारबाट समपुरक अनुदानका रुपमा प्राप्त **६० लाख** रुपैयामा गाउँपालिकाको अनुदान बाट **६० लाख थप** गरी डाँडागाउँ मालेमारे पुतलाचौर मौलावोट जुमाराङ्सी पूर्वि रुकुम सडक निर्माण योजनाका लागी कुल जम्मा **रु १ करोड २० लाख रुपैया** विनियोजन गरेको छु ।

❖ प्रदेश सरकार बाट शर्शत अनुदान (पुजिगत) का रुपमा प्राप्त हुने रकम परिवर्तन ५ मा रहेको शहिद मार्ग ग्रमभिृम निन्माङ सडक निर्माण **रु १० लाख**, वडा नं १ बाल कल्याण आधारभुत विद्यालय जोगिडाँडा खा पा योजना निर्माण **रु ५ लाख**, वडा नं ३ जनता मा वि बागमारा भवन निर्माण तथा रंगरोवन **रु १० लाख**, वडा नं ६ सुकिदह युवा क्लव भवन तथा फिल्ड निर्माण **रु १५ लाख**, वडा नं २ राङ्सी स्कीम नं. १ खानेपानी योजना निर्माण तथा मर्मत **रु १० लाख**, वडा नं ४ चुन्वाङखोला रालेखोला तटवन्धन निर्माण **रु १० लाख**, वडा नं ५ गाउँपालिका केन्द्र पुतलाचौर ढल निकास तथा बृक्षारोपन **रु १० लाख**, वडा नं. ३ सामुदायिक स्वास्थ्य इकाइ केन्द्र बागमारा भवन निर्माण **रु १५ लाख** र परिवर्तन २ सामुदायिक स्वास्थ्य इकाइ केन्द्र डाँडागाउँ भवन निर्माण **रु २० लाख** गरी कुल जम्मा रकम **रु १ करोड ५ लाख** रकम उल्लेख भए बमोजिमका पुर्वाधार निर्माण सम्बन्धी योजनामा खर्च हुने व्यवस्था मिलाएको छु ।

❖ वडा कार्यालयका लागी अनिवार्य अनुदान न्यूनतम बजेट **रु १६ लाख** र वडाको भुगोल, जनसंख्या, आन्तरिक राजस्वको अवस्था लाई मुख्य सुचक सहितको शुत्रमा आधारित गरी सबै वडा तर्फ बाट स्थानियको सहभागीतामा छनौट भई आएका योजना लाई प्राथमिकता दिने गरी **रु १ करोड ५० लाख** बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु । जसमध्ये वडा नं १ मा **रु २७ लाख ३३ हजार ९ सय ७३** , वडा नं २ मा **रु २७ लाख ९८ हजार ६ सय ११**, वडा नं ३ मा **रु २२ लाख ५७ हजार ८ सय ५५**, वडा नं ४ मा **रु २६ लाख ५४ हजार २ सय ४२**, वडा नं ५ मा **२५ लाख ९ हजार ५ सय ५७** र वडा नं ६ मा **२० लाख ४५ हजार ६ सय ६२** रुपैया विनियोजन गरेको छु ।

❖ परिवर्तन गाउँपालिका अन्तरगत रहेका विभिन्न विषयगत क्षेत्रको विकास निर्माणका योजना छनौट तथा कार्यान्वयन का लागी विषयगत समिति तर्फ **२ करोड १० लाख** बजेट विनियोजन गरेको छु । जसमध्ये सामाजिक विकास तर्फ **७० लाख**, आर्थिक विकास तर्फ **५५ लाख**, पूर्वाधार

विकास तर्फ **६० लाख**, सुशासन तथा संस्थागत विकास तर्फ **१५ लाख** र वन, वातावरण तथा विपद व्यवस्थापन समिति तर्फ **रु १० लाख** बजेट विनियोजन गरेको छु ।

❖ पूवार्धार विकास तर्फ विनियोजन गरिएको **रु ६० लाख** रकम बाट सुत्रका आधारमा वडा नं १ मा **रु ११ लाख ३ हजार ९ सय ८८,** वडा नं २ मा **रु ११ लाख ३२ हजार ८ सय १६,**वडा नं ३ मा **रु ८ लाख ९२ हजार ३ सय ८०**, वडा नं ४ मा रु **१० लाख ६८ हजार ५ सय ५२,** वडा नं ५ मा **रु १० लाख ४ हजार २ सय ९२** र वडा नं ६ मा रु ७ लाख ९८ हजार ७२ रुपैया पूवार्धार निर्माण हुने गरी वजेट विनियोजन गरेको छु ।

***आदरणीय अध्यक्ष महोदय,***

❖ गाउँपालिकाको गौरवका आयोजना तथा कार्यक्रमहरुको लागि **रु १ करोड ८५ लाख** वजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु । जसमध्ये

❖ देश, जनता, राष्ट्र र राष्ट्रियताको लागी आफ्नो ज्यानको आहुती दिनुहुने महान शहिदको सम्मान र स्मरण स्वरुप शहिद स्मारक निर्माणको लागी रु **४० लाख**, ४ नं. वडा कार्यालय भवन निर्माण रु **४५ लाख**, **"चार स"** सफा मान्छे, सफा शौचायल, सफा घर, सफा आँगन को मान्यतालाइ व्यवहारगत रुपमा लागु गर्न टोल विकास सस्था मार्फत कार्यान्वयन हुने गरि पुर्ण सरसफाइ अभियान कार्यक्रमको लागी **रु १५ लाख**, समाजिक काममा जनसहभागीता कम हुदै गइरहेको अवस्थामा ६ वटै वडामा स्वतः स्फूर्त जनसहभागीता हुनेगरि कार्यान्वयन गर्न नमुना गाउँ पुर्वाधार निर्माण कार्यक्रमको लागी **रु १५ लाख**, त्रिवेणि- ट्वाङ- सेनलेक मोटरवाटो निर्माण **रु ४० लाख**, जनताको आय आर्जन बृद्धी गर्न स्थानिय तहको उत्पादनलाइ विशेष स्थान दिने गरि स्थानिय तहमा उत्पादित फलफुल तथा रैथाने वाली वाट निर्मित मदिरा ब्रान्डिङ तथा प्याकेजिङको अध्ययन अनुसन्धानको लागी **रु १५ लाख,** वडा नं. ३ मा निर्माणाधिन बहुउद्धेशिय कवर्ड हल निर्माण लाइ पुर्णता दिने गरि **रु १५ लाख** विनियोजन गरेको छु ।

❖ संघिय सरकार शसर्त अनुदान पुजिगत अन्तरगत बिनियोजन भएको **रु १ करोड ८० लाख** लाइ स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण गर्ने गरि विनियोजन गरेको छु ।

❖ गाउँपालिका अन्तरगतका कृषकको कृषि उत्पादन लाइ व्यवस्थित र सुरक्षित वनाइ कृषि पेशा लाइ व्यवस्थित व्यवसायिक र आत्मानिर्भर वनाउन कोल्ड स्टोर निर्माणको लागी आगामी आ.ब. मा **रु ३०** लाख विनियोजन गरेको छु ।

❖ कृषि उत्पादन वर्गिकरण विविधिकरण गर्दै उत्पादकत्व वृद्धि गर्न रैथाने वाली प्रवर्द्धन कार्यक्रम को लागी रु ६ लाख विनियोजन गरेको छु ।

- कृषिमा आत्मनिर्भर गराई जिवनयापनमा समृद्धि हासिल गर्न उत्पादनमा दिदै आएको अनुदानलाई थप सुधार गर्दै कृषिमा वितरण मुखि नभएर परिणाम मुखि बनाउन वडाको टोल वस्ती वाट छनौट गरि पकेट क्षेत्रको रुपमा विस्तार गर्ने गरि आवश्यक वजेट विनियोजन गरेको छु ।
- बाख्रा पालन कार्यक्रमलाइ थप व्यवस्थित परिणाममुखि तथा उत्पादन मुखि बनाउन बाख्रा पकेट कार्यक्रमको लागी रु १५ लाख विनियोजन गरेको छु ।
- जैविक विविधता संरक्षणको लागी जलचर प्राणिको पनि अहम भुमिका रहने भएकोले माछा संरक्षण, प्रवर्द्धन, सम्वर्धन र उत्पादन गर्न गाउँपालिका अन्तरगत रहेका खोलाहरुमा माछाको भुरा राख्ने गरि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकाको आवश्यकता लाइ मध्यनजर गरि आगामी आर्थिक वर्षमा नगर प्रहरी व्यवस्थापन को लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकाको आन्तरिक श्रोतलाइ बृद्धि गर्न ढुङ्गा, गिट्टी, वालुवा संकलन तथा निकासीको लागी **प्रारम्भिक वातावरणिय परिक्षण** गर्न आवश्यक बजेटको व्यबस्था गरेको छु ।

- परिवर्तन गाउँपालिका क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आगामी आ.व. २०८१/०८२ मा परिवर्तन गाउँपालिका भित्र रहेका पर्यटकिय स्थलहरुको संरक्षण र प्रवर्द्धन गर्ने गरी **रु १ करोड ३५ लाख** लाइ युद्ध तथा धार्मिक प्रयटन पुर्वाधार निर्माण परिवर्तन ६ **रु ४५ लाख** युद्ध पर्यटन डाँडागाउँ पुर्वाधार निर्माण **रु ४५ लाख** र परिवर्तन स्मरण पार्क सौन्दर्यकरण योजना मा **रु ४५ लाख** खर्च हुने गरि बजेट विनियोजन गरेको छु ।
- स्थानिय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा सहभागी हुन संघिय सरकार सँग सहकार्य हुनेगरि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई थप व्यवस्थित र गुणस्तरिय बनाउन जनशक्ति क्षमता विकास र औषधी उपकरण को व्यवस्था लगाएतका कार्यका लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।
- परिवर्तन ६ चप्कामा निर्माणधिन रहेको १५ सैया अस्पतालन निर्माण कार्य आगामी आ.व. मा सम्पन्न गर्ने गरी व्यवस्था मिलाएको छु ।
- द्धन्दका कारणले मृत्यु भएको परिवारलाई गरिने स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिने गरी आवश्यक वजेटको व्यवस्था गरेको छु ।

- खेलकुद मानव स्वास्थ्यका लागी महत्वपुर्ण कुरा हो । गाउँपालिकामा संचालन हुने गाउँपालिका अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागी रु १५ लाख बजेटको व्यवस्था गरेको छु ।

❖ गाउँपालिकाले संचालन गरेका कक्षा ५ र ८ को परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थिलाइ पुरष्कार कार्यक्रम लाइ निरन्तरता दिदै थप व्यवस्थित तरिकाले आगामी आ. ब. देखि एसइइ र कक्षा १२ को अन्तिम परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थि तथा विद्यालय लाइ समेत पुरष्कृत गर्ने गरि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

❖ शिक्षक सेवा लोक सेवा नेपाली सेना पुलिस लगाएत सरकारी सेवामा प्रवेश गर्ने परिवर्तन वासीलाइ परिवर्तन को गहनाको रुपमा सम्मान गर्ने कार्यक्रमको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

❖ जनता को चासो गुनासो र आवश्यकता लाइ नजिक वाट महसुस गर्न जनता सँग अध्यक्ष भेटघाट तथा महिला हिंसा तथा बालविवाह न्युनिकरणका लागि महिला सँग उपाध्यक्ष कार्यक्रम संचालनका लागी उचित बजेट व्यवस्था मिलाएको छु ।

❖ शैक्षिक गुणस्तर एवं व्यवस्थापकीय पक्षमा सुधार गर्न विगत देखि नै गाउँपालिकाले शिक्षाको क्षेत्रमा थुप्रै प्रयास र कार्यहरु गर्दै आएको कुरा यहाँहरुसमक्ष स्मरण गराउन चाहन्छु । गाउँपालिकाले लिएको निती तथा कार्यक्रम अनुरुप पालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने वालवालिकाहरुको लागी नेपालको संविधानले व्यवस्था गरेको शिक्षा सम्वन्धि मौलिक हकलाई कार्यान्वयन गर्न **निशुल्क शिक्षा** संचालन गर्ने गरी रु **३ करोड** बजेट विनियोजन गरेको छु । यसले शैक्षिक गुणस्तर वृद्धि गर्नुका साथै विद्यार्थी र अभिभावकमा स्थानीय सरकारको आभाष वोध गराउने विश्वास लिएको छु ।

❖ परिवर्तन गाउँपालिका भित्र रहेका ऐतिहासिक, सांस्कृतीक, भौगोलिक, आर्थिक तथा सामाजिक पक्षलाई पठनपाठन संग आवद्ध गर्नका लागी आधारभूत तह कक्षा १ मा शैक्षिक सत्र २०८१ देखिनै स्थानिय पाठ्यक्रम लागु भैसकेको र प्रत्येक वर्ष थप १ कक्षाको स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने गरि बजेटको व्यवस्था मिलाएको छु ।

❖ गाउँपालिकामा कार्यरत शिक्षक कर्मचारीको क्षमता बृद्धी गरी शैक्षिक गुणस्तर बृद्धी गर्न शिक्षक कर्मचारी लाइ विभिन्न तालिम संचालनको लागी आवश्यक वजेटको व्यवस्था गरेको छु ।

❖ गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत स्थायी, अस्थायी तथा करार कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता विकासका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु । प्राविधिक कर्मचारीहरुको लागि उपलव्ध गराउदै आएको फिल्ड भत्तालाई निरन्तरता दिएको छु ।

❖ सुरक्षित नागरिक आप्रवासन (सामी) कार्यक्रम लाइ थप व्यवस्थित र प्रभावकारी वनाउन संघिय सरकारको साझेदारीमा संचालन हुनेगरी बजेटको व्यवस्थापन गरेको छु ।

- ❖ स्थानीय कृषि उत्पादनलाई बजारको पहुँचमा पुर्याउनका लागि गाउँपालिकाले आफ्नै जेसिवि मेसिन माफर्त गाउँपालिकाको विभिन्न सडकहरु मर्मत/ सम्भार कार्य गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।

- ❖ स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिकावासीहरु मध्येबाट एमविविएस अध्ययन, विएससी कृषि र पशु साथै गणित र विज्ञान विषयमा स्नातक अध्ययन गर्नका लागि छनोट हुने विद्यार्थीहरुलाई छात्रवृत्ति दिने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- ❖ जेष्ठ नागरिकलाई स्वास्थ्यमा पहुँच वृद्धि गर्न ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई घरमै निशुल्क स्वास्थ्य जाँचलाई निरन्तरता दिएको छु ।

- ❖ आर्थिक रुपले विपन्न जेष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बालबालिका, दलित, आदिवासी/जनजाति, लोपोन्मुख र सीमान्तकृत समुदायको संरक्षण तथा लक्षित वर्गमुखी कार्यक्रमका लागि कुल पुजिगत वजेटको २.५ प्रतिशत खर्च गर्नेगरि व्यवस्था गरेको छु । .

- ❖ परिवर्तन गाउँपालिकाको गतिविधिलाई संचार क्षेत्रसंग जोड्नका लागी रेडियो तथा पत्रपत्रिका संगको सहकार्यलाई अगाडि बढाउदै रेडियो कार्यक्रम परिवर्तन संवाहकलाई प्रशारण गर्ने गरी निरन्तरता दिएको छु । साथै संचारमैत्री पालिका निर्माणका लागी थप व्यवस्था गरेको छु ।

- ❖ परिवर्तन गाउँपालिकाको आधारभुत तथ्याङ्कको रुपमा रहेको एकिकृत, खण्डिकृत तथा व्यवस्थित डिजिटल भिलेज प्रोफाइल निर्माण तथा अध्यावधिकको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

यस बजेट तथा कार्यक्रममा समाबेश गरिएका प्रस्तावित चालु प्रशासनिक तथा कार्य संचालन खर्च र क्षेत्रगत सिमा अनुसार विनियोजित सम्पुर्ण चालु तथा पुजीँगत आय व्ययको विस्तृत विवरण संलग्न अनुसुची अनुसार रहेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

***धन्यवाद ।***